का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक ३१८
- २७ पुस २०७८, मंगलबार
- 11 January 2022, Tuesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।

# नरोकिएको अटेरी

कोरोना संक्रमण उच्च दरमा बढेपछि सरकारले विद्यालय बन्द सहित भीडजन्य गतिविधिमा रोक लगाएपनि राजनीतिक दलहरुको सभा, समारोह र गतिविधि भने रोकिएको छैन ।



संखुवासभामा आयोजित कार्यक्रममा एमाले अध्यक्ष केपी शर्मा ओली ।

तस्वीरः रासस



एमाले ताप्लेजङ जिल्ला नेतृत्व चयन गर्न मतदानमा सहभागी प्रतिनिधिहरुको भीड ।

तस्वीरः दिलकुमार लिम्बू

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ पुस ।

कन्ट्र्याक ट्रेसिङमा परेपनि आइसोलेसनमा नबसी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पूर्वी नेपालको भ्रमणमा निस्किएका छन् । शनिबार ओलीलाई प्रधानमन्त्री शेरबहादुर देउवाले बालकोट नै पुगेर भेटेका थिए । प्रधानमन्त्री देउवाले ओलीलाई भेट्नु अघिल्लो साझ माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग भेटेका थिए ।

प्रचण्ड शुक्रबार साँझ कोरोना संक्रमण पुष्टि भएपछि प्रधानमन्त्री आइसोलेसनमा बसे । तर ओली भने आइतबार गृह जिल्ला झापामा आयोजित सार्वजनिक समारोहमा भाग लिए । नगरपालिकाले आयोजना गरेको कार्यक्रममा ओली सहभागी भए ।

तर सोमबार झापाको भन्दा ठूलो सभामा ओली पुगे । एमालेको अन्य जिल्ला अधिवेशन शुक्रबार भएपनि संखुवासभाको अधिवेशन रोकिएको थियो । त्यहाँ ओली जाने कार्यक्रम भएपछि अधिवेशन रोकिएको हो । पूर्वनिर्धारित भएकाले ओली सोमबार संखुवासभा पुगे । विशाल सभा गरेर ओलीले सम्बोधन गरे ।

एमालेको अन्य जिल्लाहरुमा पनि सभा, समारोह र भीडजन्य गतिविधि रोकिएको छैन । ताप्लेजुङमा नेतृत्व चयन गर्न मतदान भयो । सिन्धुली, बाग्लुङ, प्यूठान लगायत जिल्लामा पनि मतदानबाट नेतृत्व चयन भयो । सर्वसहमत भएका जिल्लाहरुमा पनि भव्य सभा गरियो । पूर्वप्रधानमन्त्री ओलीले झापा भन्दा अगाडि काभ्रेमा आयोजित सभालाई सम्बोधन गरेका थिए ।

शक्ति प्रदर्शनकै रुपमा ओलीले काभ्रे जिल्ला अधिवेशनको सम्बोधन गरे । अन्य नेताहरु पनि देश दौडाहामा छन् । एमाले मात्रै नभएर सत्ता साझेदार दलका नेताहरु पनि देश दौडाहामै छन् । काँग्रेस सहमहामन्त्री भीष्मराज आङ्देम्बे उपस्थित भएर ताप्लेजुङमा सभा भएको थियो । काँग्रेसका अन्य नेताहरुको गतिविधि पनि रोकिएको छैन । सभामुख अग्निप्रसाद सापकोटा आफ्नो गृह जिल्लामा आयोजित सभामा सहभागी थिए ।

तर नेकपा एकीकृत समाजवादीले भने पार्टीको ठूला सभा, सम्मेलन स्थगित गर्न निर्देशन दिएका छन् । सोमबार विज्ञप्ति जारी गरेर धेरैम मानिस भेला हुने कार्यक्रम रोक्न निर्देशन दिएका हुन् । आन्तरिक बैठक तथा

– बाँकी पृष्ठ २ मा

# विद्यालय बन्द, सभा समारोहमा रोक

कोरोना संक्रमण बढेपछि सरकारले भीडजन्य गतिविधिमा रोक लगाएको छ भने आगामी १६ माघसम्म विद्यालय बन्द गर्ने निर्णय गरेको छ ।



कोरोनाको संक्रमण बढेपछि महोत्तरीको मुख्य भन्सार नाका भिट्ठामोडमा मास्क बेच्दै बालक । तस्वीर : सञ्जीतकुमार मण्डल

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २६ पुस ।

कोरोना महामारी बढेपछि सरकारले २५ जना भन्दा बढी भीड हुने गतिविधि रोक्ने निर्णय गरेको छ। कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) को सिफारिसमा गृह मन्त्रालयले सोमबार भीडजन्य गतिविधिमा रोक लगाउने निर्णय गरेको हो ।

मन्त्री स्तरीय निर्णय गरी सार्वजनिक स्थलमा हुने सबै प्रकारको राजनीतिक तथा धेरै जना उपस्थित हुने कार्यक्रममा रोक लगाएको छ। भीडजन्य प्रशासनिक, सामाजिक, राजनीतिक कार्यक्रम नगर्न गृह प्रशासनले

– बाँकी पृष्ठ २ मा

## बढ्यो संक्रमण दर

काठमाडौं/मस- सोमबार एकैदिन १,४४६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । ११ हजार ४२९ जनाको कोरोना परीक्षण गरिएको थियो । ८,९६५ जनाको पीसीआर र २,४६४ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

यस अवधिमा २५५ जना कोरोनाबाट निको भएका छन् । योसँगै निको हुनेको संख्या आठ लाख १४ हजार ४८५ पुगेको छ । निको हुनेदर ९७ दशमलव सात प्रतिशत छ । नेपालमा पीसीआर विधिबाट परीक्षण गर्दा आठ लाख ३३ हजार ९४६ र एन्टीजेन विधिबाट परीक्षण गर्दा ९७ हजार ५०४ जनामा कोरोना संक्रमण पुष्टि

– बाँकी पृष्ठ २ मा

# लचक हुने संकेत

संघीय संसद् अवरोधमा नयाँ रेकर्ड बनाइसकेको नेकपा एमालेले आफ्नो अडानबाट चलक हुने संकेत गरेको छ । उपाध्यक्ष एवम् संसदीय दलका उपनेता नेम्वाङले संसद् अवरोधबारे छलफल हुनसक्ने बताएर त्यस्तो संकेत दिएका हुन् ।



**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २६ पुस ।

गएको २३ भदौदेखि लगातार संसद् अवरोध गर्दै आएको नेकपा एमालेले लचक हुने संकेत दिएको छ । एमाले उपाध्यक्ष एवम् संसदीय दलका उपनेता सुवास नेम्वाङले संघीय संसद्को अवरोध खोल्न लचक हुने संकेतदिएका हुन् । इलाम पुगेका उपाध्यक्ष नेम्वाङले संसद् अवरोध हटाउन प्रधानमन्त्रीसँग छलफल गर्न पार्टी अध्यक्ष केपी शर्मा ओली तयार रहेको बताए ।

पत्रकारहरुसँग नेम्वाङले प्रधानमन्त्री देउवासँग छलफल गर्न तयार रहेको बताएका हुन् । संघीय संसद् अवरोध गर्नु एमालेको बाध्यता नभएको बताए। "हाम्रो रहर होइन, बाध्यता हो । दुभार्ग्य हो", नेम्वाङले भने । एमाले इलामको १०औं जिल्ला अधिवेशनबाट निर्वाचित पदाधिकारीलाई प्रमाणपत्र बितवरणपछि बाध्यताले भइरहेको संसद् गतिरोधबारे छलफल गर्न तयार रहेको बताए ।

अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) अनुमोदन लगायतबारे पनि छलफल भएको उनले बताए । संसद् अवरोध हटाउन र एमसीसीको गतिरोध हटाउनेबारे शनिबार प्रधानमन्त्री देउवाले ओलीसँग बालकोट गएर छलफल गरेका थिए ।

त्यसअघि नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पनि ओलीसँग भेटेका थिए । पौडेल पनि बालकोट पुगेर ओलीसँग संघीय संसद्को अवरोध हटाउन आग्रह गरेका थिए । एमालेलाई प्रधानमन्त्री देउवाले संसद् गतिरोध हटाउन लगातार आग्रह गर्दै आएका छन् । केही पटक सर्वदलीय बैठक पनि बोलाएका थिए ।

तर एमाले सर्वदलीय बैठकमा सहभागी हुन मानिरहेको छैन । नेकपा एकीकृत समाजवादी सहभागी सर्वदलीय बैठकमा सहभागी नहुने एमालेको अडान छ । एमालेबाट अलग भएर गएको २ भदौमा माधवकुमार नेपालले एकीकृत समाजवादी बनाएका थिए । त्यसबेला माधव नेपाल सहित १४ सांसदलाई कारबाहीको निर्णय एमालेले गरेको थियो ।



यसअघि एमालेले २०५७ सालमा लगातार ५७ दिन संसद् अवरोध गरेको थियो । तर यसपटकको नवौं र दशौं संसद् अधिवेशनमा ७९ दिन अवरोध गरिसकेको छ ।

एमालेको निर्णय भएपनि सभामुख अग्निप्रसाद सापकोटाले पदमुक्त नगरेको भन्दै एमालेले लगातार संघीय संसद् अवरोध गर्दै आएको छ । संसद् अवरोध गर्ने क्रममा एमालेले नयाँ रेकर्ड नै बनाएको छ । यसअघि एमालेले २०५७ सालमा लगातार ५७ दिन संसद् अवरोध गरेको थियो । तर यसपटकको नवौं र दशौं संसद् अधिवेशनमा ७९ दिन अवरोध गरिसकेको छ ।

एमाले अध्यक्ष ओलीले केही दिन अगाडि विराटनगर पुगेर आगामी चुनावपछि मात्रै संसद् चल्ने बताएका थिए । अर्थात् संसदको बाँकी कार्यकालमा संसद् चल्न नदिने एमाले अडान थियो । तर ओलीलाई बालकोट पुगेर प्रधानमन्त्री देउवाले भेटेपछि लचक हुने संकेत एमाले नेता नेम्वाङले दिएका छन् ।

# संघका तीन पदाधिकारी निर्विरोध

## अध्यक्षसहित अन्य पदमा पनि निर्विरोध गराइने दाबी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको प्रथम तथा द्वितीय उपाध्यक्ष र महासचिव पदमा निर्विरोध हुने भएको छ । आगामी पुस ३० गते हुने संघ कार्यसमितिका १७ सदस्यका लागि सोमबार भएको मनोनयन दर्तामा प्रथम र द्वितीय उपाध्यक्ष तथा महासचिवमा एकल उम्मेद्वार भएकाले निर्विरोध हुने भएको हो ।

निर्वाचनमा ३० जना व्यवसायीको उम्मेद्वारी परेको छ । प्रथम उपाध्यक्षमा प्रगतिशील वैदेशिक रोजगार व्यवायी मञ्चद्वारा प्रस्तावित फ्युचर स्टार म्यानपावर प्रा.लि.का सञ्चालक हरि बहादुर पाण्डे क्षेत्री, द्वितीय उपाध्यक्षमा वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चद्वारा प्रस्तावित हेराल्ड इन्टरनेसन प्रा.लि.का सञ्चालक प्रमेश्वर अधिकारी र महासचिवमा एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका महासचिव इम्प्लोइमेन्ट लिंक प्रा.लि.का सञ्चालक मधुकर रिजाल निर्विरोध निर्वाचित हुने भएका छन् ।

यसअघि राजनीतिक दल निकट वैदेशिक रोजगार व्यवसायीका पाँच संस्थाबीच संघको आगामी निर्वाचन निर्विरोध नेतृत्व चयन गर्ने सहमति भएको थियो । तर उम्मेद्वारी दर्ता त्यस विपरीत देखिएको छ । नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र नेपाल गणतन्त्रान्त्रिक वैदेशिक रोजगार व्यववायी निकट व्यवसायीबाट सहमति अनुसारको उम्मेद्वारी नपरेको हो ।

निर्वाचन समितिका अनुसार अध्यक्ष पदमा गुरुङ म्यानेजमेन्ट ओभरसिज प्रा.लि.का सञ्चालक भुवन सिंह गुरुङ र मञ्चका पूर्व अध्यक्ष रोज ओभरसिज प्रा.लि. का सञ्चालक राम प्रसाद भान्तनाको उम्मेद्वारी परेको छ । प्रथम उपाध्यक्षमा फ्युचर स्टार मेनपावर प्रा.लि.का सञ्चालक हरि बहादुर पाण्डे क्षेत्री, द्वितीय उपाध्यक्षमा हेराल्ड इन्टरनेसन

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## उम्मेद्वारी फिर्ता नलिए वागीलाई कारबाही

काठमाडौं/मस- नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एसोसिएसनले निर्धारित समयभित्र उम्मेद्वारी फिर्ता नलिने उम्मेद्वारहरूलाई अनुशासनको कारबाही गर्ने भएको छ । एसोसिएसन कार्यसमितिमा आधिकारिक उम्मेद्वारको विरोधमा उम्मेद्वारी दर्ता गराउने व्यवसायीलाई सदस्यबाट निस्काशन गरी थप कारबाहीका लागि पार्टीमा सिफारिस गर्ने निर्णय गरिएको भन्दै संघको निर्वाचनका लागि पार्टीका तर्फबाट खटिएका केन्द्रीय सदस्य सुरेन्द्र पाण्डेले पनि आधिकारिक उम्मेद्वारविरूद्ध उम्मेद्वार बन्ने सदस्यलाई कारवाहीको

– बाँकी पृष्ठ २ मा

म्यानपावर चाहियो

तुरुन्त सनाखत गर्न मिल्ने म्यानपावर, लाइसेन्स मात्र वा फर्निचर सहित बिक्री गर्न चाहनेले सम्पर्क गर्नुहोला ।

सम्पर्कः ९८२३०३८५०८

नारायणहिटी प्रकरण

# संरचना निर्माण रोकी कारबाही गर्न छानविन समितिको सुझाव



काठमाडौं/मस– नारायणहिटी दरबार संग्राहलयभित्र बतास समूहले निर्माण गरेको संरचना अवैध भएको ठहर गर्दै संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गठन गरेको छानविन समितिले संरचना निर्माण रोकी कारबाही गर्न सुझाव दिएको छ ।

सोमबार प्रतिवेदन सार्वजनिक गर्दै छानविन समितिले आधिकारिक निकायबाट बतास समूहको बी म्यानेजमेन्ट प्रालिले नक्सा पास र आधिकारिक स्वीकृति नलिइ १४ रोपनी जग्गामा निर्माण कार्य गरेको निष्कर्ष निकालेको छ ।

छानविन समितिले दरबार संग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समितिका कार्यकारी निर्देशक भेषनारायण दाहाललाई पनि दोषी देखाएको छ ।

'सम्झौता विपरित बि. मेनेजमेन्ट प्रालिले नयाँ संरचना निर्माण गर्दा विकास समितिका कार्यकारी निर्देशकबाट कुनै पनि कानूनी कारबाही गरेको देखिएन । निर्माण कार्यलाई तत्काल रोक्न र निर्माण नै हुन नदिनेतर्फ पनि कुनै पहल भएको देखिएन', प्रतिवेदनमा भनिएको छ । प्रतिवेदनमा संग्राहलयभित्र क्षेत्रफल र स्थानको स्पष्ट सिमांकन नभएको समेत उल्लेख गरिएको छ ।

यस्तै संग्राहलयभित्र बतास समूहले अनुमतिबिनै १४ रोपनी जग्गामा संरचना निर्माण गरेको पाइएको छ । 'कुल ६.३४ आना मात्रै सम्झौतामा उल्लेख भए पनि १४ रोपनीमा संरचना निर्माण गरेको देखियो,' समितिका संयोजक होमप्रसाद लुँइटेलले भने, 'यसमा कार्यकारी निर्देशक दाहालले जिम्मेवारी पूरा गरेको देखिएन ।'

प्रतिवेदनमा अर्को आदेश नभएसम्मका लागि निर्माण कार्य तत्काल रोक्न र समितिसंग समन्वय नगरी निर्माण गरेका र सम्झौतामा उल्लेखित क्षेत्रभन्दा बढी क्षेत्रमा निर्माण गरिएका सम्पूर्ण संरचनाहरु हटाउन अनुरोध गरेको छ ।

पुस २३ गते समितिका सम्पूर्ण पदाधिकारीहरुबाट भएको स्थलगत अवलोकनका क्रममा समेत निर्माण कार्य स्थगित रहेको र केहि निर्माणाधीन टहराहरु र पर्खालमा राखिएका जालीहरु भत्काइरहेको छ। प्रतिवेदनमा क्यान्टिन तथा क्याफेटेरिया संचालन गर्नका लागि क्याफेटेरियाले प्रयोग गर्न पाउने क्षेत्रफल र स्थानको स्पष्ट सीमांकन नभएको देखिएको छ ।

यस्तै क्यान्टिन र क्याफेटेरियाले प्रयोग गर्न पाउने क्षेत्रफल र स्थान स्पष्ट सीमाकंन नगरी क्यान्टिन र क्याफेटेरिया सञ्चालन गर्न दिएको देखिएको छ। प्रतिवेदनमा बढी क्षेत्र ओगटी थप निर्माण कार्य गर्न प्रोत्साहन भएको देखिएको छ ।

नारायणहिटी दरवार संग्रहालय प्रवेश गर्ने दक्षिण पट्टिको प्रवेशद्वार नजिक समितिको स्वामित्वमा रहेको जग्गामा समितिसँग पूर्व स्वीकृति र समन्वय नगरी नयाँ संरचनाहरु निर्माण भइरहँदा विकास समितिका कार्यकारी निर्देशकबाट बिकास समितिको स्वामित्वमा रहेको सम्पत्तिको संरक्षण र संबर्धनका लागि अनुगमन, निरीक्षण तथा रेखदेख गर्ने जिम्मेवारी पुरा नगरेको देखिएको छ ।

यस्तै सम्झौता विपरित वि म्यानेजमेन्ट प्रालिले नयाँ संचरना निर्माण गर्दा विकास समितिका कार्यकारी निर्देशकबाट कुनै पनि कानूनी कारबाही नभएको प्रतिवेदनमा उल्लेख छ ।

समितिको निर्णय एवं प्रदत्त अधिकारभन्दा बढी विषय समावेश गरी कार्यकारी निर्देशकबाट वि म्यानेजमेन्टसँग सम्झौता गरेको देखिएको छ । क्यान्टिन र क्याफ्टेरिया भाडामा लगाउन निर्धारित दररेट कायम गर्दा तत्कालीन चलन चल्तीको बजार मूल्यलाई समेत आधार मानेको नदेखिंदा कायम भएको दररेटलाई स्वभाविक मान्न नसकिने प्रतिवेदनमा रहेको छ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा ६ मा ब्यवस्था भए बमोजिम एउटै परिवारभित्रका शेयर सदस्यहरु रहेका तीन वटा फर्मका बोलपत्रदाताहरु आपसमा मिलोमतो गरी न्यूनतम मूल्यांकन रकम २ लाख २० हजार ४४० रुपैयाँ भन्दा १ हजार १७७ रुपैयाँ बढी कबोल गरी ठेक्का सम्झौता गरेको देखिदा ठेक्का संझौता कार्यमा एक आपसमा मिलोमतो भएको देखिएको समेत प्रतिवेदनमा उल्लेख छ ।

कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम बहादुर आलेले सार्वजिक सम्पत्ति दुरुपयोग गर्ने जो कोहीले पनि उन्मुत्ति नपाउने बताए । नारायणहिटी संग्रहालय प्रकरणमा आफूलाई प्रधानमन्त्री शेरबहादुर देउवा र पूर्वप्रधानमन्त्री केपी ओलीले पनि समर्थन गरेको बताए । नारायणहिटी रेष्ट्रेण्ट प्रकरणमा मन्त्री आलेकै पहलमा मन्त्रालयका सहसचिव होम प्रसाद लुईंटेलको नेतृत्वमा छानविन समिति गठन भएको थियो ।

### छानबिन समिति गठन

पशुपति क्षेत्र अन्तर्गतको भारत सरकारको सहयोगमा निर्माण भएको गेष्ट हाउस बतास समूहले लिएको विषयमा समेत सोमबार छानबिन समिति गठन भएको छ । मन्त्री आलेले समितिलाई ७ दिनको समय दिइएको बताए ।

# लेवनानमा तैनाथ बर्दबहादुर गणको कार्य सम्पादन सर्वोत्कृष्ट



काठमाडौं/मस– संयुक्त राष्ट्रसंघको आह्वानामा शान्ति स्थापनार्थ लेवनानमा तैनाथ बर्दबहादुर गण ६२ औं डफ्फा कार्य सम्पादनमा सर्वोत्कृष्ट घोषित भएको छ ।

उक्त मिशनमा तैनाथ अरु १० देशका गणमध्ये नेपाली शान्ति सेनाको बर्दबहादुर गण सर्वोत्कृष्ट ठहरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । उक्त गणले आफ्नो जिम्मेवारी ईलाकामा गरेको अब्बल कार्यसम्पादनको योगदानको कदरस्वरुप त्यहाँ तैनाथ फोर्स कमाण्डर मेजर जनरल स्टेफानो डेल कोलले गणपतिलाई उत्कृष्टताको प्रतिक र प्रशंसापत्र प्रदान गरे ।

गणले मिशन ईलाकामा तैनाथ भएदेखि नै कोभिड-१९ को संक्रमणको जोखिम खेपिरहेका आठवटै पालिकामा कोभिड किट वितरण गरेको सेनाले जनाएको छ। गणले नगरपालिकामा वृक्षरोपण, ऐतिहासिक किल्लाको संरक्षण र सम्वर्द्धन, गुणस्तरीय दाँतको उपचार सम्बन्धि सेवा, विद्यालयमा स्टेशनरी वितरण, महिला स्वास्थ्यसम्बन्धी जनचेतना कार्यक्रमलगायत सञ्चालन गर्दै आएको छ । गणले सार्वजनिक उद्यान र बगैंचाको मर्मतसम्भार जस्ता जनहितका कार्यक्रमका साथै नेपाली सेनाको हालसम्मकै ठूलो लगानीमा 'कृषि पोखरी तथा सार्वजनिक बगैंचा' निर्माण गरेको जानकारी दिइएको छ । उक्त गणले लेवनान र इजरायलको सीमा क्षेत्रमा जैतुन खेती भित्र्याउन स्थानीय निकाय, लेवनानी सशस्त्र बल र सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरेको सेनाले जानकारी दिएको छ ।

# शिक्षा क्षेत्रमा देखिएका समस्या समाधान गर्न ध्यानाकर्षण गराइने

काठमाडौं/मस–संयुक्त विद्यार्थी संगठनले शैक्षिक क्षेत्रमा देखिएका समस्या समाधानका लागि विश्वविद्यालय र सरकारको ध्यानाकर्षण गराउने भएको छ ।

संयुक्त विद्यार्थी संगठनको सोमबार काठमाडौंमा बसेको बैठकले सरकारले लागू गरेको मापदण्डविपरीत शैक्षिक संस्था चल्दै गएका र शैक्षिक संस्थामा समस्या देखिएका भन्दै समाधानका लागि सम्बन्धित विश्वविद्यालय र सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको हो । बैठकले काठमाडौं विश्वविद्यालयअन्तर्गत नोबेल मेडिकल कलेज र काठमाडौं मेडिकल कलेजमा विद्यार्थीमाथि भएको दमनको भर्त्सनासमेत गरेको छ । लामो समयदेखि हुन नसकेको स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनको कार्यतालिका चाँडो तोक्नसमेत बैठकले माग गरेको छ ।

यस्तै कोभिड-१९ को तेस्रो भेरियन्ट र शैक्षिक क्षेत्रमाथि पर्न जाने सम्भावित जोखिमका बारेमा समेत बैठकमा छलफल भएको नेवि संघका महामन्त्री बलदेव तिमल्सिनाले जानकारी दिए ।

बैठकमा नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी संघ, नेकपा (माओवादी केन्द्र) निकट अनेरास्ववियु क्रान्तिकारी, नेकपा (एकीकृत समाजवादी) निकट अनेरास्ववियु, जनता समाजवादी पार्टी निकट समाजवादी विद्यार्थी युनियन, अखिल क्रान्तिकारी, अखिल छैठौंलगायत विद्यार्थी संगठनका नेताको उपस्थिति थियो । बैठकमा नेपाली कांग्रेसको १४औं महाधिवेशनबाट केन्द्रीय सदस्य पदमा निर्वाचित भएको भन्दै नेविसंघका अध्यक्ष राजीव ढुंगानालाई सम्मान तथा बधाई ज्ञापन गरिएको थियो ।

### नरोकिएको...

प्रशिक्षण सकेसम्म वैकल्पिक माध्यमबाट अपनाउन अध्यक्ष नेपालले सुझाव दिएका छन् ।

"धेरै व्यक्तिको उपस्थिति हुने सभा तथा सम्मेलन हाललाई स्थगित गर्न र आन्तरिक भेला, बैठक तथा प्रशिक्षण कार्यक्रमहरुको आयोजना गर्दा सकेसम्म वैकल्पिक माध्यम अपराउन समेत निर्देशन गरिन्छ", बक्तव्यमा उल्लेख छ ।

### विद्यालय...

आह्वान गरेको छ । अर्को सूचना जारी नभएसम्म मेला, भेला र महोत्सव नगर्न पनि गृहमन्त्रालयको निर्णयमा उल्लेख छ । स्थानीय प्रशासनले जिल्ला र स्थानीय तहको अवस्थाको परिस्थितिजन्य लकता वा कडाइ गर्न सक्नेछन् । सीसीएमसीकै सिफारिस अनुसार होटल, रेस्टुरेन्ट, सिनेमा हल, रंगशाला, हवाई यात्रा, पार्क प्रवेश गर्दा अनिवार्य रुपमा खोप लगाएको कार्ड देखाउनुपर्ने छ । ७ माघदेखि सार्वजनिक सेवा प्राप्त गर्न पनि खोप कार्ड अनिवार्य देखाउन गृह मन्त्रालयले निर्देशन दिएको छ ।

सीसीएमसीकै सिफारिसमा विद्यालय बन्द गर्ने निर्णय भएको छ । शिक्षा मन्त्रालयले आजदेखि लागू हुनेगरी माघ १५ गतेसम्म विद्यालय बन्द गर्ने निर्णय गरेको हो । "हालैका दिनमा कोभिड-१९ को संक्रमण तीव्र रूपमा फैलिनाका साथै ओमिक्रोन भेरियन्टको सङक्रमणकोसमेत बढ्न थालेकाले विद्यार्थीको स्वास्थ्य, सुरक्षा तथा बचावटका लागि विशेष ध्यान दिँदै देशभरका सबै आधारभूत तथा माध्यमिक विद्यालयको वार्षिक बिदामा मिलान हुने गरी यही पुस २७ गतेदेखि २०७८ माघ १५ सम्म बिदा दिने निर्णय गरिएको छ", विज्ञप्तिमा उल्लेख छ ।

मन्त्रालयले बिदाको उक्त अवधिमा १२ वर्षदेखि १७ वर्ष उमेर समूहका विद्यार्थीलाई सबै स्थानीय तहमा रहेको स्वास्थ्य चौकीमार्फत खोप लगाउने कार्यक्रम रहेकाले विद्यालयसँग सम्पर्क गरी तोकिएको दिनमा खोप लगाउने कार्यमा आफ्ना बालबालिकालाई पठाउन पनि अभिभावकमा अनुरोध गरेको छ । बिदाको अवधिमा विद्यालयले सिकाइ सहजीकरण निर्देशिका-२०७७ ले गरेको व्यवस्थाबमोजिम विद्यार्थीको सिकाइमा आवश्यक सहजीकरण गर्ने प्रबन्ध मिलाउन पनि आग्रह गरिएको छ ।

मन्त्रालयले विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानले पूर्वनिर्धारित सेमेष्टर र वार्षिक परीक्षाका कार्यक्रम जनस्वास्थ्य र सुरक्षाका मापदण्ड पूर्णरूपमा पालना हुनेगरी जेट आकारमा बसाईं व्यवस्था गरी सञ्चालन गर्नसमेत सुझाएको छ ।

### बढ्यो ...

भएको मन्त्रालयले जनाएको छ । पीसीआर विधिबाट परीक्षण गर्नेको संख्या ४९ लाख ३७ हजार ५८९ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या आठ लाख ६० हजार ८४३ पुगेको छ । कोभिड-१९ विरुद्धको खोप लगाउनेको संख्या पछिल्लो २४ घण्टामा दुई लाख १० हजार ५९४ छ । उपचारत संक्रमितको संख्या ७,८५५ छ ।

### संघका ....

प्रा.लि.का सञ्चालक प्रमेश्वर अधिकारी, तृतीय उपाध्यक्ष ओभरसिज इम्प्लोइमेन्ट प्रा.लि.का सञ्चालक अख्तर हुसैन र संघका कार्यसमिति सदस्य डाइनामिक स्टाफिङ सोलुसनका सञ्चालक कर्ण राज कटुवाल, महासचिबमा एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका महासचिव इम्प्लोइमेन्ट लिंक नेपाल प्रा.लि.का सञ्चालक मधुकर रिजालको उमेदवारी दर्ता भएको छ ।

सचिवमा एसोसिएसनका पूर्व अध्यक्ष बाबा ह्युमन रिसोर्सेस प्रा.लि.का सञ्चालक प्रज्ञान न्यौपाने र गुगल ओभरसिजका केशवराज न्यौपानेको र कोषाध्यक्षमा नौकरी नेपालका सञ्चालक तथा एसोसिएसनका वर्तमान अध्यक्ष नरेन्द्र प्रसाद ढकाल र संघकी वर्तमान कोषाध्यक्ष सि.एस.टी सिजन सर्भिस प्रा.लि. की सञ्चालिका इन्दिरा गुरुङको उम्मेद्वारी दर्ता भएको छ ।

कार्यसिमित सदस्यहरुमा एकीकृत संगठनका कन्फीडेन्ट मेनपावरका सञ्चालक अनिल बोगटी र सुर्खेत ओभरसिजका गणेश कुँवर, आयुष ओभसिजका कामेश्वर साह (राहुल), गणतान्त्रिक मञ्चका इम्प्लोइमेन्ट ह्युमन रिर्सोसमा सञ्चालक केदारनाथ अधिकारी, उज्यालो ओभरसिजका चन्द्र बहादुर लिम्बु , प्रगतिशील मञ्चका तर्फबाट एसिया लिंक सर्भिसेजका मिलन कट्टेल, सल्मा एचआर शोलुशनका सोम बहादुर तामाङको उम्मेद्वारी दर्ता भएको छ। एसोसिएसनका तर्फबाट मोहम्द जुनैद (खोजी रिक्रुटमेन्ट), जंग बहादुर इजम (एलन ओमर्सिज), राजेन्द्र अधिकारी (जेजे ह्युमन), हर्क बहादु लिम्बु (इसिएस इम्प्लोइमेन्ट), कैलाश पाठक (सिल्भर कर्नर), प्रेम राज लावती (एडमार्स रिक्रुटमेन्ट), प्रकाश बोहरा (मार्स म्यानपावर), नगेन्द्र प्रसाद पोखरेल (नबिन) (पुकार इन्टरनेसनल), बिक्रम श्रेष्ठ (शुभहारती म्यानपावर), लक्ष्मण पौडेल (त्रिवेणी ओभरसिज), बिजय कुमार कार्की (इम्पायर इन्टर नेसनल), ऋषिराम कडेल (आर बी ओभरसिज)को उम्मेद्वारी परेको छ । सदस्यमा उम्मेद्वारी दर्ता गराएका बोहराले उम्मेद्वारी छनोटमा पक्षपात गरिएको दाबी गर्दै आफुले उम्मेद्वारी दर्ता गराएको बताए ।

### उम्मेदवारी...

दायरामा ल्याउने बताएको एसोसिएसनका एक पदाधिकारीले जनाकारी दिए ।

एसोसिएसनका पूर्वअध्यक्ष र वर्तमान कार्यसमिति पदाधिकार ीसँगको लामो छलफलपछि पाण्डेले एसोसिएसनका उम्मेद्वार छनोट गरेका हुन् । एसोसिएसन अध्यक्ष नरेन्द्रप्रसाद ढकालले उम्मेद्वारी दिएका व्यवसायीहरूको योगदान र क्रियाशीलताको कदर गर्दै एसोसिएसन, वैदेशिक रोजगार बोर्डलगायतका ठाउँमा अवसर सिर्जना गरेर समेटिने भन्दै मंगलबार उम्मेद्वारी फिर्ताको समयसम्म आधिकारिक निर्णय बिना उम्मेद्वार बनेका एसोसिएसन सदस्यहरूले उम्मेद्वारी फिर्ता लिने वातावरण बनाउन गृहकार्य भइरहेको बताए ।

उनले भने, 'सहमतिमा नेतृत्व छनोट गर्नुपर्ने वाध्यताले सबैलाई चाहेर पनि समेट्न सकिएन, कसैलाई काखापाखा भएको छैन । परिस्थितिको जटिलता सबैले बुझ्नुपर्छ ।'


Saudi मा रोजगारको अवसर | १. कम्पनी: PIONEER SERVICE COMPANY LTD.
शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०९/२२ चलानी नं.: ६०१७२५०६ LT. No.: 255615

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workers | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ ४ गते (18 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1411/074/075

Forever Human Resource solution Pvt. Ltd
Tokha Road, Samakhusi-10, Kathmandu, Tel: 4353298, 4354685
Mob.: 9851188173, 9851140861, 9803249332, 9851001003, 9818500630



सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

बोलपत्र स्वीकृतिको आशयपत्रसम्बन्धी सूचना

(प्रकाशित मितिः २०७८/०९/२७)

सिस्ने गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयबाट मिति २०७८/०८/१० गते विद्युतीय बोलपत्र खरिद प्रणाली मार्फत देहाय बमोजिमको निर्माण कार्य खरिदका लागि बोलपत्र आव्हानको सूचना बमोजिम तोकिएको म्याद भित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरुखोली मूल्यांकनका लागि बोलपत्र मूल्याकंन समितिमा पेश भएकोमा बोलपत्र मूल्यांकन समितिको मिति २०७८/०९/२६ गतेको निर्णयानुसार तपशिल बमोजिमका बोलपत्रदाताको कूल कबोल अंक न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राहि देखिएकोले उक्त बोलपत्र छनौट भई स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनीक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| ठेक्का नं | कामको विवरण | ठेक्का कबोल गर्ने फर्मको नाम र ठेगाना | कूल कबोल अंक (मू.अ.क.बाहेक) | कैफियत |
|---|---|---|---|---|
| EGP/NCB/SRM/W/02/078/079 | Construction of Chhiprida-ha-Serakhet Sewer Line Works | M/s Ranjit Ranjan Construction Pvt. Ltd. Resunga-01, Gulmi | 1,37,49,208.50 /- | 8.78 % Below |

चिन्तामणि दाहाल
नि.प्रमुख प्रशासकीय अधिकृत



उदयपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
१ नं. प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७८/०९/२७

यस कार्यालयबाट मिति २०७८/०८/१९ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रहरुको मुल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ स्वीकृतिको लागि छनौट गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपशिल

| क्र. सं. | बोलपत्र नं./विवरण | फर्म/कम्पनीको नाम र ठेगाना | कबोल अंक ने. रु. (VAT सहित र PS बाहेक) |
|---|---|---|---|
| १. | URM/NCB/Works/06-2078/079, Road Excavation and maintenance works in ward No.03. (sinkaule, tamadada, sanodhungre-raitima, thulodhungre, barabise, chhindrtingkhola) | Galan Infratech Surveying and Engineering Construction/PK Nirman Sewa JV Murkuchi, Udayapur | १२,०२,९०२।३५ |

प्रमुख प्रशासकीय अधिकृत

# ३ सय औं पृथ्वीजयन्ती तथा एकता दिवस मनाइँदै



**काठमाडौं/मस**–नेपाल एकीकरणका अभियन्ता पृथ्वीनारायण शाहको जन्म जयन्तीका अवसरमा आज ३०० औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस मनाइँदैछ ।

गोर्खाली राजा नरभूपाल शाह र रानी कौशल्यावतीका जेठा छोराका रूपमा विक्रम संवत १७७९ पुस २७ गते जन्मिएका शाहले बाइसे( चौबीसे राज्यमा छरिएर रहेका राज्यहरुलाई एकत्रित गरेर आधुनिक नेपाल निर्माण गर्नुभएको थियो ।

तत्कालीन समयमा पृथ्वी नारायण शाहले दिएका उपदेश अहिलेको अवस्थामा पनि उत्तिकै सान्दर्भिक रहेकाले शाहको दूरदर्शिताको कदरका लागि भए पनि दिवस मनाउनुपर्ने इतिहासविद्हरुको भनाइ छ ।

भौगोलिक रुपमा नेपाल एकीकरण गरेकाले शाहलाई राष्ट्र निर्माताको उपमा समेत दिने गरिएको छ । २०६२/६३ को जनआन्दोलनबाट लोकतन्त्र आएपछि औपचारिक रुपमा राष्ट्रिय एकता दिवस भने मनाउन छाडिएको छ ।

लोकतन्त्रपछि गठन भएका सरकारले एकता दिवसको बिदा कटौती गरेका छन् । तत्कालिन राजा पृथ्वीनारायण शाहको जन्म जयन्तीको अवसरमा सरकारी स्तरबाट कुनै पनि कार्यक्रम नभएपनि विभिन्न राजनीतिक दल, तथा राजावादी संघ संस्थाले राष्टिय एकता दिवसको रुपमा आजको दिनलाई मनाउँदै छन् ।

नेपाल एकीकरण गरेका राजा पृथ्वी नारायणको स्मरणमा २००७ साल पछि एकता दिवस मनाउन थालिएको थियो । तर आन्दोलनपछि राष्ट्रिय एकता दिवस खारेज गरिएको छ । केही समयदेखि एकता दिवस मनाउन माग उठेपनि सरकारले कुनै निणय गर्न सकेको छैन ।

आज सिंहदरबारस्थित पृथ्वी नारायणको शालिक,पृथ्वीनारायणको देहान्त भएको नुवाकोटको देवीघाट र जन्मस्थान गोरखामा शाहको स्मरणमा कार्यक्रम हुँदैछ ।

**‘पृथ्वीनारायणको दिव्योपदेश अहिले पनि मार्गदर्शक’**

संस्कृति, पर्यटन तथा नागरिक उड्ययनमन्त्री प्रेमबहादुर आलेले नेपाल एकीकरणका नायक पृथ्वीनारायण शाहले दिनुभएको दिव्योपदेश अहिले पनि मार्गदर्शक रहेको बताएका छन् ।

शाहको ३०० औं जन्मजयन्तीका अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, सांस्कृतिक संस्थानले आज संयुक्त रुपमा आयोजना गरेको ‘पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानमा जनसहभागिता’ विषयक विचार गोष्ठीमा उहाँले शाहका नीति र विचार दूरदर्शीयुक्त भएको उल्लेख गरे ।

‘काठमाडौंलाई शाहले विजय हासिल गर्नु भए पनि राजधानी यहीँ बनाएर यहाँको सांस्कृतिक परम्परालाई निरन्तरता दिनु महत्वपूर्ण काम हो, दक्षिणबाट इष्ट इण्डिया कम्पनी र इस्लामिक नबाबले आँखा लगाएका बेला नेपाल एकीकरण गरेर शाहले महत्वपूर्ण योगदान दिनुभएको छ’, मन्त्री आलेले भने । नारायणहिटी दरबार सङ्ग्रहालय र पशुपति क्षेत्रको धर्मशालाका विषयमा छानबिन गर्न गठन भएको समितिले प्रतिवेदन दिन लागेको उनले बताए ।

लुम्बिनी बौद्ध विश्वविद्यालयका पूर्वउपकुलपति प्रा डा.त्रिरत्न मानन्धरले पृथ्वीनारायणले बिसे नगर्चीलाई भेटेर नेपाल एकीकरणमा सहयोग माग्नु र उनले एकमोहर दिनुले नै जनसहभागिताको पुष्टि गर्ने बताए । बिसे नगर्चीले तत्कालीन गोरखा राज्यमा बसोबास गर्ने १२ हजार घर परिवारसँग एक मोहरका दरले सहयोग जुटाएर अघि बढ्न सुझाव दिएको विषयले नेपाल एकीकरणमा जनसहभागिता थियो भन्ने विषयलाई पुष्टि गर्ने उनले बताए ।

# फोहोरमैला व्यवस्थापन संघको अध्यक्षमा पुनः आचार्य

**बिष्णु लक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, २६ पुस



फोहोरमैला व्यवस्थापन संघ नेपाल (स्वामान्)को छैठौं साधारणसभा सम्पन्न भएको छ। गत शनिबार बत्तीसपुलस्थित अनुपन फुडल्याण्डमा सम्पन्न भेलाले आगामी दुई वर्षका लागि अध्यक्ष धनप्रसाद आचार्यलाई पुनः अध्यक्षमा सर्वसम्मत चयन गरेको छ ।

संघको १७ सदस्यीय कार्यसमितिमा वरिष्ठ उपाध्यक्षत्रय सहदेव राउत, रामकुमार घिमिरे र बबरमान तामाङ, महासचिव मित्रप्रसाद घिमिरे, सचिवद्वय भूपाल आचार्य र निरकुमार वाग्ले, कोषाध्यक्ष राजेन्द्र पोखेल र सहकोषाध्यक्ष लक्ष्मीप्रसाद गेलाल चयन भएका छन् । यस्तै कार्यसमिति सदस्यहरुमा पदम थापा, मुना न्यौपाने, संगीता वानियाँ, गीता कार्की, नवराज आचार्य, ओमराज लामा, सुवास लामा, केदार के.सी. रामेश्वर पोखरेललगायत निर्विरोध निर्वाचित भएका छन् ।

साधारणसभाको उद्घाटन पूर्व रक्षामन्त्री भिमसेनदास प्रधान र नेपाल सरकार पूर्व मुख्य सचिव एवं बागमती अभियन्ता लिलामणि पौडेलले संयुक्त रुपमा फूलमा पानी हाली, दीप प्रज्वलन गरी र स्वामानद्वारा प्रकाशित स्मारिकामा हस्ताक्षर गरि गरेका थिए ।

कार्यक्रममा बागमती अभियन्ता एवं जेष्ठ नागरिक गोविन्दप्रसाद काफ्ले, वातावरणविद् अञ्जु शाह सिंह, वातावरण संरक्षण गैरसरकारी महासंघका संस्थापक अध्यक्ष टीकाराम दाहाल, पूर्व अध्यक्ष बासुदेव उप्रेती, काठमाडौं महानगरपालिकाका वडा नं ७ का वडाअध्यक्ष सुद्धकुमार डंगोललगायतको अतिथिका रुपमा उपस्थिति रहेको थियो ।

कार्यक्रममा संस्थाका वरिष्ठ उपाध्यक्ष सहदेव राउतले स्वागत मन्तव्यका राखेका थिए । त्यस्तै, कार्यक्रममा पूर्वमुख्य सचिव पौडेल, वडाध्यक्ष डंगोललगायतले शुभकामना मन्तव्य राखेका थिए भने कार्यक्रमको सञ्चालन संस्थाका महासचिव मित्रप्रसाद घिमिरेले गरेका थिए ।

फोहोरमैलाका सन्दर्भमा सरकारसँग नीति नियम बनाउने तथा स्थानीय सरकारका निकायलाई समेत आपसी समन्वय र सहकार्य गर्दै फोहोरमैलामा क्रियाशील संघसंस्थाहरुको संस्थागत विकासका क्षेत्रमा स्वामानले अभिभावकीय भूमिका निर्वाह गर्दै आइरहेको छ । आजभन्दा ६ वर्षअघि स्थापित सो संस्थामा ७८ वटा संघसंस्था आवद्ध रहेका छन् । स्वामानले मुख्य त फोहोरमैलासम्बन्धि कार्यशाला गोष्ठी, फोहोरमैला व्यवस्थापन राष्ट्रिय सम्मेलन, उत्प्रेरणा तथा सम्मान कार्यक्रम, सम्पदा पद यात्रा, बागमती, रुद्रमती, विष्णुमती नदी र विभिन्न सरसफाई अभियानमा सहभागि, कार्य सञ्चालन निर्देशिका जारी, अवलोकन भ्रमण, अध्ययन भ्रमणजस्ता कार्यक्रमहरू गर्दै आएको संस्थाका अध्यक्ष आचार्यले बताए ।

# सिन्धुपाल्चोकमा घर फोडेर धनमाल चोरी गर्ने चार जना पक्राउ



**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, २८ पुस

नेपाल पत्रकार महासंघ सिन्धुपाल्चोक शाखाका अध्यक्ष जीवन श्रेष्ठको घर फोडेर धनमाल चोरी गर्ने चार जना पक्राउ परेका छन् । घरभाडामा बस्दै आएकी २० वर्षीया किशोरीको निर्देशनमा घरबेटीको सुन र नगदलगायत धनमाल चोरी गरेको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको हो । सोमबार पत्रकार सम्मेलन गर्दै चोरी गर्ने गिरोहलाई सोमबार सार्वजनिक गरेको छ ।

प्रहरीका अनुसार पक्राउ परेकी सुनकोशी गाउँपालिकाकी २० वर्षीया किशोरी कञ्चन पराजुलीको सहयोगमा अन्य युवाहरूले चोरी गरेको प्रारम्भिक अनुसन्धानले देखाएको छ । उनीसँगै सिन्धुपाल्चोक ईन्द्रावती गाउँपालिका-१० बडहरेका मनिष सुन्दास, इन्द्रावती गाउँपालिका-९ का बुद्ध तामाङ र अनिल तामाङलाई पक्राउ गरेका छन् ।

पराजुली पीडित श्रेष्ठको घरमा भाडामा बस्दै आएकी थिइन् । श्रेष्ठको धनमाल चोरीमा उनकै प्रमुख भूमिका देखिएको प्रहरीले जनाएको छ। पक्राउ परेका मनिष राजधानीमा एउटै कलेजमा कञ्चनसँग अध्ययन गर्ने गरेको खुलेको छ । पराजुलीमाथि शंका लागेपछि चोरी भएकै दिनदेखि उनी प्रहरी नियन्त्रणमा थिइन्। उनीमाथि अनुसन्धान गरेपछि प्रहरी बाँकी तीन युवाहरू नजिक पुग्न सफल भएको थियो ।

जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका प्रमुख एसपी राजन अधिकारीका अनुसार चोरी भएकामध्ये अधिकांश सुन, चाँदीसमेत उनीहरूको साथबाट बरामद भएको छ । गत पुस १२ गते सदरमुकाम चौतारास्थित पुरानो बजारमा रहेको घरमा कोही नभएको अवस्थामा ढोका तथा दराजको ताला फुटाइ दराजभित्र राखेका सुनचाँदीका गरगहना र नगद चोरी भएको थियो । प्रहरीकाअनुसार १३ तोला सुन र नगद एक लाख रुपैयाँभन्दा बढी चोरी भएकोमा केही बरामद गरिएको हो । उनीहरूले श्रेष्ठको घरबाट १ थान आधा तोलाको सुनको १० गेडि मंगलसुत्र , १ थान दुई तोलाको सुनको मंगलसुत्र, १ थान दुई तोलाको हारमाला, १ थान अढाई तोलाको सिक्री र लकेट, १ थान आधा तोलाको लकेट, १ थान सुनको दानालगायत सुनको चन्द्रमा, मुन्द्री, झुम्का, टप, औंठी, चुरासहित चाँदीका गरगहना चोरी गरी फरार भएका थिए । उनीहरूले एक लाख एक हजार रुपैयाँ नगदसमेत चोरी गरेको जाहेरी परेको प्रहरीले जनाएको छ ।


## Chaubise Rural Municipality
## Office of The Rural Municipal Executive
Rajarani, Dhankuta

**Invitation for Sealed Quotation**

| | |
|---|---|
| Name of the Project | : Bippana Lai Jasta Pata Bitaran |
| Address | : Chaubise Rural Municipality-06, Dhankuta |
| Contract Identification Number | : CRM/DKT/SQ/07/078/79 |
| Issued Date | : 2078/09/27 (2022/01/11) |

1. The Office of Chaubise Rural Municipality, Dhankuta invites sealed quotations from registered Suppliers for the procurement of CGI Sheet & Ridge Cover from eligible national bidders for following works.

| SN | Contract Identification Number | Description of Works | Estimated Amount with VAT (NRS.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | CRM/DKT/SQ/07/078/79 | Bippana Lai Jasta Pata Bitaran | 1997319.09 | 50000.00 | 1000.00 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Chaubise Rural Municipality, Dhankuta, Phone No: 026-411032, 026-411033.**
3. A complete set of Bidding Documents may be purchased from the office of Chaubise Rural Municipality, Dhankuta, by eligible Bidders upon the submission of a written application, along with the copy of company/firm registration certificate, Tax Clearance Certificate of FY 2077/78 or Tax Extension Certificate of FY 2076/2077, and upon payment of a non-refundable fee as stated above or by deposition of same amount at
**Name of Bank : Nepal Bangladesh Bank Ltd. Rajarani, Dhankuta**
**Name of Office : Chaubise Rural Municipality, Rajarani, Dhankuta.**
**Office Account No. (Antarik Rajaswa Khata): 0700001541 till 2078/10/11 (2022/01/25) during office hours.**
4. Sealed bids must be submitted to the office of Chaubise Rural Municipality, Dhankuta by hand before 12.00 P.M. on 2078/10/12 (2022/01/26). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2.00 P.M. on 2078/10/12 (2022/01/26) in the office of The Rural Municipal Executives, Chaubise Rural Municipality, Dhankuta. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amount as stated above, which shall be valid for 30 days beyond the validity period of the bid, counted from the bid opening date. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the name of Chaubise Rural Municipality, Rajarani, Dhankuta in Dharauti Account No: 0700000841 at Nepal Bangladesh Bank, Rajarani, Dhankuta and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and lor submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. All the other condition of bidding process will be as per the Public Procurement act 2063 and Public procurement regulation 2064 following all new revision.
8. The Chaubise Rural Municipality, Dhankuta reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



## थाक्रे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
महादेववेशी, धादिङ
बागमती प्रदेश, नेपाल

**बोलपात्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७८/०९/२७**

यस कार्यालयको मिति २०७८/०८/०१ मा प्रकाशित सूचना अनुसार पेश भएका बोलपत्रहरुको Technical Evaluation र Financial Evaluation बाट तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृतका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सबैको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | खरिदको विषय | स्वीकृत बोलपत्रदाता |
|---|---|---|---|
| १ | 1/NCB/WORKS/ THAKRE/2078/079 | Dhade Ekle Kuchuli Bhanjyang Tunibot Sadak | Liti Kalika Constrcution and Suppliers |
| २ | 03/NCB/WORKS/ THAKRE/2078/079 | Chiuripati Aathkila Sadak | M/S Shubha Bihani-USG J/V |

**प्रमुख प्रशासकीय अधिकृत**



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०६/०७ मा दर्ता भएको **प्रा.लि. नं. ७६३९३** को **मिलिजुली स्वच्छ खानेपानी कम्पनी प्रा.लि.**को सेयर धनीको मिति २०७८/०९/२६ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल** : rokayasherbahadur723@gmail.com



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री **ए.एन.एस. एशोसियट्स प्रा.लि. (ई.प.नं. ४७३)** ले आफ्नो साविक साविक ठेगाना **काठमाडौं जिल्ला का.जि.का.म.न.पा वडा नं. ४** लाई परिवर्तन गरी **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ६** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**साउदी र कुवेतमा रोजगारको अवसर**

**१. कम्पनी: The Creative Lunch Restaurant Company, शहर: RIYADH**
पूर्व स्वीकृत मितिः २०७८/०९/२६ चलानी नं.: ६०१७२४८६ LT. No.: 255987

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 2 | 0 | स. काममा दक्ष | 1400 | ४७,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**२. कम्पनी: ALUMINUM PROFESSIONAL CO. ,शहर: KUWAIT**
पूर्व स्वीकृत मितिः २०७८/०८/१२ चलानी नं.: ६०१६८९१० LT. No.: 252196 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Labor | 97 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४३,१३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Receptionist | 0 | 2 | | 130 | ५०,९७६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ ४ गते (18 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Raj Group Of Company Pvt. Ltd.**
License No.: 1245/074/075
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com



Hilton Academy Pvt.Ltd. A great place for career

**HOSPITALITY TRAINING**
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
**Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation**
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौ

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

# उल्टो यात्रा

गणतन्त्र नेपाल स्थापनाको १३ वर्ष भएको छ । २०६२/०६३ सालको जनविद्रोहले २४० वर्ष लामो राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य गरेको थियो । जनविद्रोहको जगमा बनेको संविधानसभाको पहिलो बैठकबाट गणतन्त्र नेपाल घोषणा भएको थियो । त्यसयता गणतान्त्रिक प्रतीक र नेपालको संविधानबाट शासनव्यवस्था चल्दै आएको छ । गणतन्त्र नेपालमा राजतन्त्रकालीन प्रतीक र संस्कृतिलाई समेत औपचारिक रूपमा मनाउने गरिएको छैन । तर हरेक वर्ष पृथ्वीनारायण शाहको जन्मदिवसबारे छलफल हुने गरेको छ । राजतन्त्रप्रति झुकाव राख्ने राजनीतिक शक्ति र नेताहरूले यसबारे चर्चा गर्ने गरेका छन् । वर्षेनि पात्र परिवर्तन भएपनि पृथ्वीनारायण शाहको जन्मदिनलाई विशेष दिवसका रूपमा मनाउनेपर्नेमा जोड दिइने गरेको छ ।

पत्रकार पृष्ठभूमिबाट राजनीतिमा आएका रवीन्द्र मिश्रले यसपटक यो विषय छलफलमा ल्याएका छन् । मिश्रले पृथ्वीनारायण शाहको जन्मोत्सवलाई नेपाल दिवस मनाउनेदेखि सरकारी कार्यालयका भित्ता र नेपाली रूपैयाँमा समेत तस्वीर राख्न माग गरेका छन् । अझ अगाडि बढेर मिश्रले राजाहरूको प्रशंसा समेत गर्दै आएका छन् । पूर्वपञ्चहरूको पार्टी राप्रपाका नेताहरू भन्दा चर्कोगरी मिश्रले राजतन्त्रबारे वकालत गर्न थालेका छन् । मिश्रको प्रस्तावमाथि उनकै दल विवेकशील साझा विभाजित हुन पुगेको छ । मिलन पाण्डे नेतृत्वको समूह मिश्रसँग अलग भएका छन् । राष्ट्रिय राजनीतिक वृत्तमा मिश्रको यात्रालाई चासोका साथ हेरिएको छ । अर्थात् जबर्जस्त यसपटक पनि २०६३ सालको जनविद्रोहले बीट मारेको विषयमाथि छलफल हुन पुगेको छ ।

पक्कै पनि नेपालको एकीकरणको नेतृत्व गरेको पृथ्वीनारायण शाहको सधैं इतिहासको गौरव पात्र हुन् । मुलुक निर्माणको यात्रामा उनको योगदानको सकारात्मक र नकारात्मक मूल्याङ्कन नहुने कुरै रहेन । तर जसरी बहस भइरहेको छ, समकालीन राजनीतिमा यो राम्रो संकेत होइन । किनभने वर्तमान संविधानले नागरिक स्वतन्त्रता दिएको छ । मनमा लागेको कुरा राख्ने छुट छ । तर आफ्नो राजनीतिक स्वार्थ सिद्ध गर्न पृथ्वीनारायण शाहको नाम बेच्नु किमार्थ सही होइन । उनी नेपालको एकीकरणकर्ता हुन् । नेपालको स्वाधीनता, सार्वभौमकता र अखण्डता जोगाउँदै समृद्ध राष्ट्र निर्माणको दायित्व नेपाली जनतामै निहीत छ । त्यसैले राष्ट्र निर्मातालाई देखाएर राजनीतिक स्वार्थ लाभ लिनु उचित होइन ।

# ओमिक्रोनको प्रकोप र सरकारको तयारी


**संसारभर कोभिडविरुद्धका भ्याक्सिनहरु लगाइए तर, ती भ्याक्सिनहरु ओमिक्रोनको अगाडि निष्प्रभावी बनेका छन् । ६६ प्रतिशतभन्दा बढी मानिसमा भ्याक्सिन लगाए पनि अर्थ देखिएको छैन । त्यसकारण पनि यो बढी जोखिमपूर्ण छ ।**

अग्रलेख



● डा. रमेश आचार्य

गत नोभेम्बर २४ मा दक्षिण अफ्रिकामा कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन भेटिएको पुष्टि भएको थियो । यसलाई सुरुवातीमा बि.१.१.५२९ भेरियन्ट नाम दिइएको थियो । नोभेम्बर २६ मा विश्व स्वास्थ्य संगठनले यस भेरियन्टको नाम ओमिक्रोन भनेर राखेको थियो । यो नयाँ प्रजातिकै विकसित रुप हो भनेर स्वास्थ्य संगठनले भनेको छ । विशेषज्ञले यस भेरियन्टको जीन ३२ ठाउँमा परिवर्तन भएको पुष्टी गरेका छन् । जति ठाउँमा जीन परिवर्तन भयो त्यति नै भाइरस घातक हुने गर्दछ । डेल्टा १० ठाउँमा परिवर्तन भएको थियो । त्यसैकारण ओमिक्रोन डेल्टाभन्दा ७० गुणा संक्रामक र आक्रामक बनेको छ । यसको जिन र स्ट्रक्चरमा परिवर्तन भएसँगै यो थप संक्रामक बनेको हो । हिजो डेल्टालाई विश्वका १०३ देशमा फैलिन ९० दिन लागेको थियो भने ओमिक्रोन भेरियन्ट डेढ महिना नपुग्दै विश्वका १०६ भन्दा बढी देशमा फैलिसकेको छ । यो निकै चिन्ताको विषय हो ।



हालसम्म भेटिएका भेरियन्टहरु मध्ये ओमिक्रोन सबैभन्दा बढी संक्रामक छ । जसको आधारमा विश्व स्वास्थ्य संगठनले पनि यसलाई दुई भागमा विभाजन गरेर अध्ययन गरिरहेको छ । भेरियन्ट अफ कन्सर्न (भिओसी) र भेरियन्ट अफ इन्टेन्स (भिओआई) । स्वास्थ्य संगठनले ओमिक्रोनको प्रकृतिको आधारमा अध्ययन गरिरहेको छ ।

हाम्रो शरिरमा जुन कोभिडविरुद्ध लड्ने क्षमता हो त्यसलाई ओमिक्रोनले छलेको देखिन्छ । संसारभर कोभिडविरुद्धका भ्याक्सिनहरु प्रयोग भए । तर, ती भ्याक्सिनलाई पनि ओमिक्रोनले छलेको छ । ६६ प्रतिशतभन्दा बढी मानिसमा भ्याक्सिन लगाए पनि अर्थ देखिएको छैन । त्यसकारण पनि यो बढी जोखिमपूर्ण छ । ओमिक्रोनबाट सुरक्षित रहन हामीले तेस्रो डोज बुस्टर डोज लगाउनुपर्ने अवस्था देखिएको छ । यदि तेस्रो डोज लगाउन सकेमा यो निकै निष्प्रभावी भने हुनेछ ।

अहिले पनि हामी कहाँ बृद्ध र बच्चाहरुलाई भ्याक्सिनको पहिलो डोज नै दिन सकिएको छैन् । चीनले आफ्ना सबैजसो बालबालिकालाई भ्याक्सिनको पहिलो र दोस्रो डोज दिइसकेको छ । तर, हामी भने के कुरीरहेका छौं स्पष्ट छैन ।

महामारीको बारेमा कुरा गर्दा कति संक्रामक छ ? कति छिटो फैलिन्छ ? र, कति घातक छ भन्ने कुरा जान्न आवश्यक हुन्छ । साथै यो परीक्षण गर्न के-कस्तो उपकरणको प्रयोग हुनसक्छ, उपचार प्रयोगमा भएका के-कस्ता सामाग्रीहरुको प्रयोग हुनसक्छ भन्ने तर्फ ध्यान दिन आवश्यक छ ।

यहाँ साइप्रसमा देखिएको नयाँ भेरियन्ट डेल्टाकोन प्रकोपको चर्चा गर्नु आवश्यक देखिन्छ । त्यहाँ भेटिएका २४ संक्रमितमध्ये ७ जना आइसियुमा छन् भने सोमबार बिहानसम्म एक जनाको मृत्यु भइसकेको छ । डेल्टाक्रोन निकै संक्रामक र आक्रामक पनि देखिएको छ । जसले स्पष्ट पारेको छ कि बुस्टर डोज पनि डेल्टा भेरियन्टका लागि कमजोर साबित भएको छ । यसले विश्वमा थप डरलाग्दो अवस्था आउनसक्ने संकेत गरेको छ । जसका कारण हामी थप सचेततापूर्वक हालको अवस्थाको समाधान खोज्नुपर्ने हुन्छ । हामी नयाँ भेरियन्टको विकास गर्ने अवस्थालाई रोक्नुपर्ने हुन्छ ।

> “ अन्यथा नहोस्, अहिलेको अवस्था आउनुमा मुख्य दलहरु नै जिम्मेवार देखिन्छन् । दलहरुका आमसभा र शक्ति प्रदर्शन महामारी फैलनुका कारण भएका छन् । आज अस्पतालहरु क्रमिक रुपमा भरिँदै गएका छन् । यदि अस्पताल भरिने अवस्था भयो भने हामी लकडाउनमा जान बाध्य हुन्छौं । तर, यो कुरालाई सरकारले समयमै ध्यान दिएन ।

अहिले देखिएको ओमिक्रोनको विषयमा भने हामी धेरै आत्तिइहाल्नु पर्ने अवस्था छैन । हामी धेरैले दुई चरणसम्मको खोप लगाएका छौं । जसको कारण पनि यसको संक्रमण भए पनि गम्भीर हुने अवस्था देखिएको छैन । भ्याक्सिन लगाएका व्यक्तिमा ओमिक्रोनको प्रभाव सामान्य देखिएको छ । संक्रमण भएमा पनि भ्यान्टिलेटमा पुग्ने स्थिति नहोला भन्न सकिन्छ । भ्याक्सिनलाई प्राथमिकता दिनुको कारण पनि यहि हो ।

अहिले नेपालमा कन्ट्याक ट्रेसिङ्गको समस्या देखिएको छ । शीर्ष तहका नेताहरु नै संक्रमित हुँदा पनि प्रभावकारी रुपमा कन्ट्याक ट्रेसिङ्ग गरिएन । आज विमानस्थलबाट आएको व्यक्ति आइसोलेसनमा बसेको अवस्था छैन । अर्कोतर्फ नेपाल-भारत सीमा खुला छ । जसले संक्रमण भित्र्याउन पनि निकै महत्वपूर्ण भूमिका खेलिरहेको छ । जसप्रति सरकारले कुनै ध्यान दिएको छैन ।

आज स्वास्थ्य मापदण्डका विषय निकै वेवास्तामा परेको छ । मास्क लगाउने, सामाजिक दुरी कायम गर्ने, स्यानिटाइज लगाउने जस्ता कुरालाई हामी सबैले वेवास्ता गरेको अवस्था छ । कतिपय मानिसले भ्याक्सिन लगाएकै आधारमा मास्क नै नलगाउने गरेको पनि देखिन्छ । अहिले मानिसहरुमा आफ्नो परिवारको सदस्य कोभिडबाटै मृत्यु नभइ उसले चेत नपाउने जस्तो अवस्था बनेको छ । परिवारका कसैलाई पनि हालसम्म कोरोना देखिएको छैन भने त्यो परिवारका सदस्यमा कोरोना केही होइन भन्ने मनोविज्ञानको विकास भएको छ । जसलाई तोड्न निकै असहज छ । यस्तो अवस्थाप्रति सरकारले त्यति ध्यान दिएको छैन । जुन सचेतनाको पाटोभित्र पर्दछ ।

हामी सबैले बुझ्नुपर्ने कुरा के हो भने यस्तो महामारी फेरि फेरि पनि आउन सक्छ । जबसम्म हामी सबैमा रोग प्रतिरोधात्मक क्षमता उच्च हुँदैन तबसम्म यसको समस्या रहिरहन्छ । अहिले हामी सबैमा यो समस्या छ ।

